# प्रेरणा

आत्मज्ञान प्रचार संघद्वारा प्रकाशित वर्ष : ४ अङ्क : १४ वैशाख : २०८१ मे २०२४

## तपाईंको जीवनमा वास्तविक आशा



कठिनाइ र समस्याहरूमा फसेर हामी जीवनको तराजुमा मैले के पाएँ अनि के गुमाएँ भनेर तौलिरहन्छौँ। मानिसहरू सोच्छन्- नोकरी छ, परिवार छ, जिम्मेवारीहरू छन्। यी सबै कुरा नै मेरो जीवन हो। जीवन यति मात्रै होइन। यो जीवनको सबैभन्दा महत्त्वपूर्ण चिज नै हामीभित्र आउने र जाने एउटा-एउटा श्वास हो। यो श्वासको आवागमन बन्द भएका दिन तपाईंका सबै मानसम्मान, नातागोता, तपाईंको जागिर, सबै धनवैभव अनि तपाईंले जीवन नै यही हो भनेर सोचेका सम्पूर्ण कुराहरू समाप्त हुनेछन्।

तपाईंभित्र आइरहेको अनि गइरहेको यो श्वास अनमोल छ। भगवान्‌को कृपाले यो श्वास केही नसोचीकन, कुनै बटन नदबाईकन स्वतः आउँछ अनि स्वतः जाने गर्छ। यसले त्यसपछि के छोडेर जान्छ ? जिन्दगी छोडेर जान्छ ! एउटा कहिल्यै फर्केर नआउने समय छोडेर जान्छ। मानिसले अपनाउन चाहने एउटा उपहारलाई छोडेर जान्छ।

> आशा के हो भने भोलि फेरि सूर्योदय हुनेछ। सूर्य उदाउँछ अनि अस्ताउँछ, दिन समाप्त हुन्छ र रात्रि प्रारम्भ हुन्छ। यसरी नै तपाईंको जीवनमा पनि नयाँ दिनको आगमन हुन्छ। त्यो नयाँ दिनलाई स्वागत गर्नुहोस्।

त्यसलाई मानिसले स्वीकार गर्न चाहन्छ, लिन चाहन्छ। त्यो उपहार हो- जीवन !

जीवन छ भने समस्या पनि हुन्छ। मानिस यो समस्याबाट बच्नै सक्दैन। हामीसँग भएका सबै समस्या हामी स्वयम्ले नै निर्माण गरेका हौँ। यो दुनियाँको सबै कुरा सबैका लागि एक समान जस्तै छ। नयाँ रूपरङ लिएजस्तो गरे पनि समस्याको हथौडीले सबैलाई पीडा दिन्छ। यसको मुख्य कारण के हो भने मानिस आफ्नो काँधमा हरेक कुराको बोझ बोकेर बस्छ।

जीवनमा निराशालाई स्थान दिनु हुँदैन। यदि तपाईंको जीवनमा निराशा छ भने आशा पनि त छ। आशा के हो भने भोलि फेरि सूर्योदय हुनेछ। सूर्य उदाउँछ अनि अस्ताउँछ, दिन समाप्त हुन्छ र रात्रि प्रारम्भ हुन्छ। यसरी नै तपाईंको जीवनमा पनि नयाँ दिनको आगमन हुन्छ। त्यो नयाँ दिनलाई स्वागत गर्नुहोस्। आफ्ना आशाहरूलाई हेर्नुहोस्। आफ्नो आनन्दलाई हेर्नुहोस्। यो तपाईंका लागि आशाहरूले भरिएको नयाँ दिन हो। नयाँ बिहानी हो। हिजो तपाईंले गर्नुभएका सबै कुराहरू आज तपाईंका लागि बदलिन सक्छन्। तपाईं आफ्नो जीवनमा आफ्नो वास्तविक आशालाई प्राप्त गर्नुहोस्। सृष्टिकर्ताले त तपाईंलाई यो शरीर, यो श्वास दिएका छन्। यो मौकाको फाइदा उठाउनुहोस्।

## प्रेम रावतका कार्यक्रमहरू

मार्च २ मा मेक्सिको सिटीबाट सुरु भएको सन् २०२४ को पहिलो कार्यक्रमपश्चात् प्रेम रावतले १० मार्चमा दक्षिण अमेरिकास्थित अर्जेन्टिनाको ब्युनसएयर्समा कार्यक्रम गर्नुभयो। त्यसपछि १६ मार्चमा उहाँ १४ वर्षपश्चात् पुनः उरुग्वेमा पुगेर आफ्नो सन्देश प्रस्तुत गर्नुभयो। त्यहाँबाट पुनः अर्जेन्टिना फर्केर मार्च २१ मा उहाँले त्यहाँको एउटा अनलाइन न्युजलाई अन्तर्वार्ता दिनुभयो। यस क्रममा २२ मार्चमा उहाँले पेरुको कुस्कोमा पुगेर त्यहाँका स्कुलका विद्यार्थीहरूसँग सहभागी भई 'शान्ति शिक्षा कार्यक्रम' को विशेष कक्षालाई सम्बोधन गर्नुभयो। त्यहाँका विद्यार्थीहरूले विद्यालयमा भइरहेका हिंसात्मक गतिविधिहरूलाई न्यूनीकरण गर्न शान्ति शिक्षा कार्यक्रमलाई सराहनीय तथा उत्साहजनक अभियानकै रूपमा पहल गरिरहेका थिए। त्यसको भोलिपल्ट उहाँले पेरुको राजधानी लिमामा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुभयो। मार्च ३० मा ब्राजिलको साओपाओलोमा भएको कार्यक्रमलाई सम्बोधन गरेर उहाँले दक्षिण अमेरिकी भ्रमणलाई बिट मार्नुभयो।

यसै क्रममा अमेरिकाको बोस्टोनमा मे ४ मा भएको अनौपचारिक कार्यक्रमलाई सम्बोधन गरेर प्रेम रावत युरोपको भ्रमणका लागि प्रस्थान गर्नुभयो। यी सबै कार्यक्रमहरू टाइमलेसटुडेबाट प्रत्यक्ष प्रसारण भएका थिए भने पुनः प्रसारण सामग्रीलाई अझै पनि हेर्न सकिन्छ।

### यसभित्र

गतिविधिहरू
अन्धकार र प्रकाश
स्मार्ट कार्ड सम्बन्धी सूचना
कथाः छट्टु खरायो र सिंह
जीवित हुनुको वास्तविक अर्थ के हो !

| कार्यक्रमहरू | कार्यक्रम सङ्ख्या | सहभागीहरू |
|---|---|---|
| सार्वजनिक भिडियो कार्यक्रम | २,८८६ | ५७,७३२ |
| क्यानोपी कार्यक्रम | २३४ | ७,१४३ |
| सामाजिक सञ्जाल कार्यक्रम | ३५७ | १,७०२ |
| पेप कार्यक्रम | २ | ६४ |
| जिज्ञासु कार्यक्रम | ७७४ | १,२३० |
| सुधार केन्द्र कार्यक्रम | १६७ | २,५०५ |
| कलेज कार्यक्रम | १ | ५६ |
| कारागार कार्यक्रम | ३३ | १,२१९ |
| स्कुल कार्यक्रम | २ | १३५ |
| जिल्ला प्रचार संयोजक बैठक | १ | ४४ |
| केन्द्रमा प्रचार बैठक | २८ | ३५६ |
| ए.भी. बैठक | ३ | १७ |
| रेडियो कार्यक्रम | २४३२ | ४,४०,२०० |
| प्रचार अभिमुखीकरण कार्यक्रम | २ | ५६ |
| ए.भी. तालिम | १ | २० |
| बिजुली सम्बन्धी तालिम | १ | १२ |
| पुस्तकालयहरूमा पुस्तक वितरण कार्यक्रम | २३८ ओटा पुस्तकालय | ८७३ किताब |

## कृतज्ञता २०८०



आत्मज्ञान प्रचार संघ केन्द्रीय कार्यालयले २०८० फाल्गुन महिनामा ज्ञान प्राप्त व्यक्तिहरूका लागि एक विशेष कार्यक्रमका रूपमा कृतज्ञता २०८० को आयोजना गरेको थियो। केन्द्रका सम्पूर्ण ज्ञान प्राप्त व्यक्तिहरूमा थप उत्साह र प्रेरणा जगाउने मुख्य उद्देश्य अनुरूप सञ्चालित यस कार्यक्रममा प्रेरणादायी तथा जानकारीमूलक भिडियो सन्देश प्रस्तुत गरिएको थियो।

कार्यक्रमको उद्देश्य पूर्तिका लागि विभिन्न जिल्लाहरूमा रहेका ४८४ ओटा केन्द्र तथा उपकेन्द्रहरूमा यो कार्यक्रम सञ्चालन भयो। यस कार्यक्रममा देशभरिबाट करिब २२,५०० जना ज्ञान प्राप्त व्यक्तिहरूले भाग लिनुभएको थियो । उपस्थित सहभागीहरूले कृतज्ञता कार्यक्रमलाई अत्यन्तै उत्साहजनक र प्रेरणादायी रहेको प्रतिक्रिया दिनुभएको छ। यस्तो खालको कार्यक्रमलाई हरेक महिना आयोजना गर्नुपर्ने सहभागीहरूको प्रतिक्रिया प्राप्त भएको छ।

## कोसिस भाग-२ अन्तिम चरणमा



प्रचार कार्यलाई प्रभावकारी तथा गुणस्तरीय तरिकाले अगाडि बढाउन ज्ञान प्राप्त व्यक्तिमा हौसला पनि चाहिन्छ। यही उद्देश्यले केन्द्रीय कार्यालयद्वारा 'कोसिस भाग-२, २०८१' नामक विशेष प्रेमी कार्यक्रमलाई नेपालको ६ ओटै क्षेत्रका विभिन्न जिल्लाहरूमा सञ्चालन गरिरहिएको छ। यस क्रममा हालसम्म ३४ स्थानमा यो कार्यक्रम सम्पन्न भइसकेको छ । उक्त कार्यक्रममार्फत ३७ जिल्लाका केन्द्रहरूलाई समेटिएको छ भने हाल यो कार्यक्रम निरन्तर चलिरहेको छ। कार्यक्रममा केन्द्रका सहायकहरू र प्रचारमा सक्रिय व्यक्तिहरूलाई आमन्त्रण गरिएकोमा हालसम्म सम्पन्न कार्यक्रममा २,९१६ जना ज्ञान प्राप्त व्यक्तिहरूले उत्साहपूर्ण सहभागिता जनाउनुभएको छ।

यस कार्यक्रममार्फत कोसिस १ मा भएको जानकारीबारे स्मरण, तीन सहायकको जिम्मेवारी, विभिन्न कार्यक्रम गर्दा ध्यान दिनुपर्ने कुरा, चार स्तम्भ, तीन महिनामा भएको प्रचारको अवस्था, पेप कार्यक्रम र प्रचार सम्बन्धी कुराहरूका बारेमा जानकारी गराइन्छ। यसका साथै कोसिस भाग-२ मा १,९४,६१० जना नयाँ व्यक्तिसमक्ष शान्ति सन्देश लैजाने लक्ष्य पनि निर्धारण भएको छ।

आत्मज्ञान प्रचार संघ, प्रचार कार्यालयले प्रचार कार्यलाई देशभरि सक्रिय तुल्याउन कोसिस कार्यक्रमका लागि सहजकर्ताहरूको छनोट गऱ्यो। अनलाइन तथा भौतिक रूपमा तालिमको व्यवस्था गरी कार्यक्रमका बारेमा स्पष्ट पार्ने काम भयो । यो कार्यक्रमलाई योजनाबद्ध तरिकाले सञ्चालन गरेपश्चात् ज्ञान प्राप्त व्यक्तिहरूमा थप उत्साह थपिएको पाइन्छ किनभने हाल प्रचार कार्यले देशभर गति लिइरहेको छ। कोसिस भाग-२ कार्यक्रम ७ जिल्लामा सम्पन्न हुन बाँकी रहेको तथा उक्त जिल्लाहरूबाट प्राप्त प्रस्तावका आधारमा २०८१ जेठका १२ गतेभित्रमा यो कार्यक्रम पूरा हुने देखिएको छ।

यस प्रेरणा पत्रिकामा प्रकाशित सामग्रीहरू- 'तपाईंको जीवनमा वास्तविक आशा','अन्धकार र प्रकाश' र 'छट्टु खरायो र सिंह ?' कथा र 'जीवित हुनुको वास्तविक अर्थ के हो !' लेखहरूको विषयवस्तु प्रेम रावतको सन्देशबाट साभार गरी अनुवाद गरिएको हो । उहाँ मानवता र शान्तिका विषयमा चर्चा गर्ने अन्तर्राष्ट्रिय वक्ता हुनुहुन्छ।



# अन्धकार र प्रकाश

मानिसका लागि अँध्यारो राम्रो होइन । किनभने, अँध्यारोमा मानिस केवल सुत्न सक्छ । ऊ बिउँझिएपछि कुन चिज कहाँ छ भनेर खोजे पनि उसले देख्न सक्दैन । मानिसलाई उज्यालो आवश्यक छ । बुझ्नुभयो नि ? मानिसलाई प्रकाश आवश्यक छ, अन्धकार होइन । के विचार गर्नुहोस् भने यस जीवनमा जति पनि कुराहरू छन्, तिनलाई हामीले अँध्यारो र उज्यालोमा विभाजन गर्न सक्छौं । जुन कुराबाट मानिसको भलो हुन्छ कुभलो होइन, त्यो कुरा मानिसका लागि उज्यालो हो । मानिसलाई अज्ञानताबाट रोक्ने कुरा उज्यालो हो । जुन कुराबाट मानिसको अहित हुन्छ, त्यो कुरा मानिसका लागि अँध्यारो हो ।

-प्रेम रावत
८ नोभेम्बर, १९९७
काठमाडौं, नेपाल

## सूचना

### स्मार्ट कार्ड सम्बन्धी सूचना

लामो समयदेखि रोकिएको स्मार्ट कार्ड बनाउने कार्य सुचारु भएकाले सम्पूर्ण ज्ञान प्राप्त व्यक्तिहरूलाई कृपया आफ्नो केन्द्रमा आफ्नो नाम अनिवार्य अद्यावधिक गराउनुहुन हार्दिक अनुरोध गरिन्छ । नयाँ व्यक्तिको हकमा स्मार्ट कार्ड बनाउँदा आफ्नो केन्द्रमा सबै विवरण अनिवार्य राख्नुपर्ने तथा दुई सहायकले प्रमाणीकरण गर्नुपर्नेछ तर आफूसँग स्मार्ट कार्ड भएकाको हकमा प्रमाणीकरण गरिरहनु आवश्यक पर्दैन ।

पुरानो स्मार्ट कार्ड भएका ज्ञान प्राप्त व्यक्तिहरूले अनिवार्य रूपमा उक्त कार्ड लिएर आउनुहुन अनुरोध गरिन्छ । यदि पुरानो स्मार्ट कार्ड छैन भने ज्ञान प्राप्त कार्ड वा ज्ञान अभ्यास कार्ड र सरकारद्वारा जारी गरिएको आफ्नो परिचय खुल्ने कुनै पनि प्रमाणपत्र (नागरिकता, पासपोर्ट, लाइसेन्स, जन्मदर्ता आदि) पनि ल्याउनुहुन अनुरोध छ । प्रेमी प्रमाणीकरणका लागि दुई सहायक अनिवार्य हुन्छ । यसका साथै सहायकले आफ्नो साथमा केन्द्रको छाप ल्याउन नभुल्नुहोला र तोकिएको समयभन्दा १५ मिनेट अगावै सम्बन्धित स्थानमा उपस्थित हनुहुँदा सहज हुनेछ । सहायकहरूले आफ्नो केन्द्रका प्रेमी नामावली चाँडै अद्यावधिक गराइदिनुहोला ।

स्मार्ट कार्ड विभाग
फोन नं. : ९८४३४३१२४३

## कथा

### छट्टु खरायो र सिंह

एकदमै घनघोर जङ्गलमा एउटा भयानक सिंहले राज्य गर्थ्यो । ऊ हरेक दिन कुनै सोचविचार नगरी आफू खुसी हिँडडुल गर्थ्यो अनि जनावरहरूलाई मारेर खान्थ्यो । सबै जनावरहरू ऊसँग एकदमै हैरान भइसकेका थिए । एक दिन सबै जनावरहरूले ऊकहाँ गएर प्रार्थना गर्न थाले- हजुर, तपाईं यसो नगरिदिनुहोस् । हामी यहाँ भएका सबै जङ्गलवासीहरूमध्येबाट हरेक दिन समयमा नै एउटा जनावर यहाँ आउनेछौं । त्यसपछि हजुरले खाएर आफ्नो भोक मेटाउनुहोला । तपाईंले यताउता गएर जनावरलाई मार्नु आवश्यक छैन ।

सिंहले सोच्यो, कुरा त ठिकै हो । मैले यताउता जानै परेन भने त्यो पनि राम्रै कुरा हो । घरैमा मेरो खाना प्राप्त हुने भयो । सिंहले त्यो कुरा मान्यो । यस्तै हुँदाहुँदै एउटा सानो खरायोको पालो आयो तर त्यो खरायो निकै चलाख थियो । ऊ हिँड्न लागेपछि उसकी आमा रुन थाली, “आज तेरो पालो हो, आज तैंले जानुपर्नेछ ।”

उसले भन्यो, “तपाईं किन चिन्ता लिनुहुन्छ ! त्यो सिंह ठूलो भए पनि दिमागी कुरामा मूर्ख छ । म चलाख छु । म कुरा मिलाउँछु, तपाईं चिन्ता नलिनुहोस् ।”

खरायो एकदमै ढिलो गरेर सिंहकहाँ पुग्यो ।

सिंह गर्जियो, “किन यति ढिलो गरिस् । मलाई भोक लागेको छ । म धेरैबेरदेखि तेरो प्रतीक्षामा छु ।”

खरायोले भन्यो, “यहाँ आउँदै थिएँ । मैले जङ्गलका भगवान्लाई भेटें । उनी त्यहाँ उभिएका थिए । म उनीसँग कुरा गर्न थालें त्यसैले ढिलो भयो ।”

सिंहले सोध्यो, “के भने त उनले ?”

खरायो भन्छ, “भगवान्ले त यो जङ्गलमा मैले राजा बनाएको सिंहलाई अब म हटाउन चाहन्छु अनि आजदेखि मैले तिमीलाई नै जङ्गलको राजा बनाइदिएको छु भनेर भने ।”

सिंह सोचमग्न भयो । कसरी यस्तो हुन्छ र, राजा त म हुँ ।

सिंहले भन्यो, “यस्तो कुरा भएको हो भन्ने कुराको तँसँग के प्रमाण छ ?”

खरायोले भन्यो, “म प्रमाण दिन्छु । तिमी मेरो पछिपछि आऊ अनि हेर- म जनावरका लागि कति शक्तिशाली लाग्नेछु । मलाई त्यहाँ देख्नासाथ उनीहरू भाग्नेछन् ।”

सिंहले आफ्नो टाउको कन्याएर भन्यो, “ल ठिकै छ ।” अघिअघि खरायो अनि पछिपछि सिंह हिँडिरहेका छन् । साँच्चै नै जता हेरे पनि सबै जनावरहरू कोही यता, कोही उता भाग्दै गरेको देखिन्थ्यो ।

सिंहले पनि सोच्यो, साँच्चै नै पो यसलाई राजा बनाइदिएका रहेछन् । यो त एकदमै शक्तिशाली रहेछ । हेर त ! यी जनावरहरू कसरी भागिरहेका छन् । उसले खरायोलाई देखेरै भागिरहेका छन् भनेर सोच्यो । खरायोलाई देखेर होइन, मलाई देखेर भागिरहेका छन् भन्ने कुराको ज्ञान उसलाई भएन ।

यो कथाको सन्देश के हो ? आफूले आफूलाई चिन्नुहोस् । किनभने, सिंहले आफूले आफूलाई चिन्दैनथ्यो । उसले खरायोले जेजे भन्यो त्यही कुरालाई मान्यो ।

# जीवित हुनुको वास्तविक अर्थ के हो !

तपाईं यो संसारमा आउनुभयो । उपहारका रूपमा पहिलो दिन, दोस्रो दिन, तेस्रो दिन प्राप्त भयो। दिनसँगसँगै हप्ता भयो । हप्तापछि महिना भयो, महिना हुँदै वर्ष हुन पुग्यो । तर, यो धनमाल, यो आनन्द, यो परमानन्द भित्रको भित्रै रह्यो । त्यसपछि बाहिरको श्वास बाहिरै अनि भित्रको श्वास पनि बाहिरै हुने दिन आयो। सबै कुरा बाहिर भएपछि आउने-जाने क्रम रोकियो । यो संसारमा खाली हात आउनुभएको थियो अनि खाली हात नै यो संसारबाट जानुभयो। तथापि, म तपाईंलाई खाली हात त आउनुभएको थियो तर खाली हात जानुपर्ने आवश्यकता छैन भनेर बताउँदै छु । यदि भित्रको कुरालाई बुझ्नुभयो, त्यो आनन्दलाई अनुभव गर्नुभयो भने तपाईंले खाली हात जानुपर्नेछैन।

म समाजको कुरा गरिरहेको छैन । म सहरको कुरा गरिरहेको छैन। म तपाईंको जीवनमा शान्तिको दियो बलोस् भनेर हरेक व्यक्तिका बारेमा कुरा गरिरहेको छु। तपाईंको यो हृदयरूपी घरमा वर्षौंदेखि अँध्यारोले ढाकिदिएको छ । यो हृदयमा शान्तिको दियो बलोस्। तपाईंले पनि आफूलाई के प्राप्त भएको छ भनेर देख्न सक्नुहोस्। दियो बलेपछि अँध्यारो भाग्छ अनि उज्यालो आउनेछ । त्यस दिन तपाईंले देखेर भन्नुहुनेछ, "वाह ! मेरो जीवनमा पनि आनन्दको दियो बल्यो।"

यो अनुभवको कुरा हो । म ठाउँ-ठाउँमा गएर मानिसहरूसमक्ष यो कुरा गर्ने गर्छु- तपाईंलाई जुन चिजको खोजी छ त्यो तपाईंभित्रै छ। यो एकदमै आशापूर्ण कुरा हो। यो कुरालाई कहिल्यै पनि नबिर्सनुहोस् ! तपाईंले खोजिरहनुभएको शान्ति तपाईंबाट टाढा छैन। त्यो तपाईंभित्र छ, थियो अनि तपाईं जीवित रहेसम्म तपाईंभित्रै रहनेछ।

> यो संसारमा श्वासभन्दा मूल्यवान् अरू कुनै चिजै छैन । चाहे करोडपति हुन् या भिखारी, शिक्षित या अशिक्षित सारा दुनियाँको समस्या योसँगै समाप्त हुनेछ

कतिपय मानिसहरू चमत्कार देख्न चाहन्छन् तर उनीहरूलाई वास्तविक चमत्कार के हो भन्ने कुरा नै थाहा छैन । यदि तपाईं वास्तविक चमत्कारलाई हेर्न चाहनुहुन्छ भने यो श्वासलाई हेर्नुहोस्। यही हो वास्तविक चमत्कार ! यसलाई संसारको धनसम्पत्तिले किन्न सकिँदैन। यो श्वासलाई बुझ्ने कोसिस गर्नुहोस् । आफ्नो जीवनलाई बुझ्ने कोसिस गर्नुहोस् । आज तपाईं जीवित हुनुहुन्छ अनि जीवित हुनुको वास्तविक अर्थ के हो ? यसको अर्थ यो श्वास तपाईंभित्र आयो अनि फेरि गयो । एक दिन तपाईं यो श्वासका लागि तड्पिनुपर्ने दिन पनि आउनेछ। यो आउँछ, जान्छ अनि फेरि कहिल्यै पनि आउँदैन । जीवनमा यस्तै हुन्छ। यो संसारमा श्वासभन्दा मूल्यवान् अरू कुनै चिजै छैन। चाहे करोडपति हुन् या भिखारी, शिक्षित या अशिक्षित सारा दुनियाँको समस्या योसँगै समाप्त हुनेछ। यदि यो श्वासलाई बुझ्नुभएन भने यो प्राप्त भएको अनमोल उपहार पनि हातबाट फुत्कनेछ। यसर्थ वास्तविक चमत्कारलाई हेर्न चाहनुहुन्छ भने आफूभित्र आफ्नो हृदयमा ध्यान दिनुहोस् । यो चमत्कार बाहिर प्राप्त हुँदैन किनभने यो त भित्र भइरहेको चमत्कार हो। जसको तपाईंलाई खोजी छ, जुन सच्चा साथीको तपाईंलाई खोजी छ, जो सबैका साथी हुन् नि ती मित्र तपाईंभित्र छन्। चाहे सबै कुरा समाप्त भए पनि उनले कसैसँग शत्रुता देखाउँदैनन्।

> यो मानिसको जुनीमा राखिएको चिज अनन्त छ, सुखमय अनि आनन्ददायक छ। त्यस चिजलाई चिन्नुहोस्।

मानिस त कण-कणमा एउटै याचना भइरहेको एक यन्त्र हो। त्यो 'जीवनमा आनन्द र सन्तुष्टि प्राप्त गर' भन्ने याचना हो अर्थात् त्यो सुख, चैन अनि परम आनन्दलाई अनुभव गर्न सक्नुहोस्। यो मानिसको जुनीमा राखिएको चिज अनन्त छ, सुखमय अनि आनन्ददायक छ । त्यस चिजलाई चिन्नुहोस् । त्यस चीजलाई नचिनेसम्म तपाईंले यो जीवनलाई सफलीभूत तुल्याउन सक्नुहुन्न।

सबैको हृदयमा ती सृष्टिकर्ता विराजमान छन् तर सबै बाहिर दगुरिरहेका छन्। त्यही दौडलाई भित्रतिर लगाउने कुरा हो । भित्रतिर दौडन सुरु गरेपछि उनी स्वयम्ले हामीलाई बोलाउनेछन् । किनभने, हृदय त्यहाँ छ र हृदयलाई उनको तिर्खा लागेको छ। त्यो तिर्खालाई मेट्ने विधि के हो ? म त्यही विधिलाई ठाउँ-ठाउँमा गएर मानिसहरूसमक्ष बताउने गर्छु। ती सृष्टिकर्ताले तपाईंकै प्रतीक्षा गरिरहेका छन् । तिनलाई आफ्नो मालिक बनाउनुहोस्। उनको सेवा गर्नुहोस् त्यसपछि तपाईंको जीवनमा पनि सुख र आनन्दको वर्षा हुनेछ।


**आत्मज्ञान प्रचार संघ**

सामाखुशी, काठमाडौं, फोन नं. : ०१-४९५२९१२/४९५२९८०, हेल्पलाइन नं. : ०१-५९०१७६५ इमेल : agps@mos.com.np

प्रचार विभाग : ९८४३१६५०११, लेखा विभाग : ९८४७३६४४८७, व्यवस्थापन विभाग : ९८४०००६२४५


कसैबाट अनुग्रहको अपेक्षा नगर्नु तर अरूलाई दया गर्न तयार हुनु उदार व्यक्तिको विशेषता हो । । -एरिस्टोटल